अनुसूची-४

(नियम ११ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

**प्रतिवद्धता-पत्र**

मुख्यमन्त्री दलित आय आर्जन प्रवर्द्धन कार्यक्रम अन्तर्गत वित्तीय पहुँच सहयोग कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा .................. ........................................................................ सहकारी संस्था लिमिटेडको तर्फबाट देहाय बमोजिम कार्यान्वयन प्रतिवद्धता गर्दछौं।

(क) प्रचलित कानून तथा मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को पूर्ण पालन गर्नेछौं।

(ख) अनुदान रकमबाट प्रवाह हुने ऋण अधिकतम सदस्यहरुलाई प्रवाह गर्ने र व्याज दर पाँच प्रतिशतसम्ममा हुने व्यवस्था गर्नेछौं।

(ग) परम्परागत पेशा, व्यवसाय तथा सीपको आधुनिकीकरण हुने, उत्पादनमूलक र आयआर्जन बृद्धि हुने परियोजनाहरूमा मात्र ऋण परिचालन गर्नेछौं।

(घ) सहकारी संस्थाका सदस्यहरूले उनीहरूको कार्ययोजना अनुसारको कार्य सञ्चालन नगरी परियोजनाको निर्धारित अवधि अगाबै सो कार्यहरु बन्द गरेमा वा उत्पादनमूलक कार्यक्रममा लगानी नगरी अन्य अनुत्पादक क्षेत्रमा लगानी गरेको पाइएमा त्यस्ता सदस्यहरूबाट प्रचलित ब्याज र हर्जाना सहित फिर्ता गरी अन्य सदस्यहरूको ऋणमा पहुँच बढाउने छौं।

(ङ) स्वीकृत लाभग्राहीको सूची बमोजिमका लाभग्राहीलाई ऋण प्रवाह हुन नसकेमा वा अनुदान रकम निस्कृय रहेमा त्यस्तो लाभग्राहीको लागि विनियोजित अनुदान रकम प्रदेश सरकारलाई फिर्ता गर्नेछौं।

(च) समान प्रकृतिको कार्यका लागि यस अघि कुनै कार्यक्रम मार्फत अनुदान लिएका छैनौं।

(छ) अधिकतम् लाभग्राहीहरूलाई अनुदान कार्यक्रम अवधारणा अनुसार समेट्नको लागि आफ्नो कार्यक्षेत्र बृद्धि गर्दै लैजाने प्रयत्न गर्नेछौं।

(ज) सहकारी मुल्य मान्यता, सिद्धान्त, सहकारी कानून र संस्थाको विनियम विपरीत हुने गरी कार्यक्रम सञ्चालन गर्ने छैनौं।

(झ) जगेडा कोषमा प्राप्त अनुदान रकमलाई पहिलो पटक लगानी भएको ऋण असुली भए पश्चात पुनः कार्यक्रमले लक्षित गरेका दलित वर्गका व्यक्तिहरुलाई आय आर्जनका लागि ऋण प्रवाह गर्नेछौं।

(ञ) सहकारी संस्थाले ऋण परिचालनबाट प्राप्त गर्ने कुल व्याज रकममध्ये दश प्रतिशत रकम मूल बिउपूँजीमा वृद्धि हुने गरी सहकारी संस्थाको जगेडा कोषमा जम्मा गर्नेछौं र बाँकी नब्बे प्रतिशत रकम आम्दानीको रुपमा उपयोग गर्नेछौं ।

(ट) मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को नियम ७ बमोजिम कार्यक्रम सञ्चालन गर्नेछौं।

(ठ) यसमा व्यक्त भएका हाम्रा प्रतिबद्धता अनुशरण र अवलम्वन नगरेमा प्रचलित कानून बमोजिम सहुला/बुझाउँला।

**सहकारी संस्थाको तर्फबाट**

सहकारी संस्थाको नामः............................

ठेगानाः......................... दाँया बाँया

सम्पर्क नं. ......................

कबुलियत विवरण (सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र सचिव)

**अध्यक्षको नाम थरः**

दस्तखतः........................

संस्थाको छापः ..... ........ ....... .

मितिः .... ........ ....... ..........

| नाम | पद | ठेगाना | सम्पर्क नं. | दाँया | बाँया |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |